# पाठ १७

१. जब शेतको वंशमा जन्मिएका छोराहरूले कयिनको वंशमा जन्मिएका छोरीहरू विवाह गर्न थाले त्यसपछि के भयो ?

- धेरैभन्दा धेरै मानिसहरूले परमेश्वरको कुरा सुन्न चाहेनन् ।
- धेरैभन्दा धेरै मानिसहरूले खाली शैतानको कुरा माने ।

२. परमेश्वरले भन्नुभयो उहाँ अब मानिसहरूसँग केवल १२० वर्ष मात्रै बोल्नुहुनेछ, यदि अझै पनि मानिसहरूले परमेश्वरको मार्ग पछ्याउन अस्वीकार गरिरहेका थिए भने परमेश्वरले के गर्नुहुने थियो ?

- परमेश्वरले तिनीहरूलाई मृत्युको दण्ड ल्याउनुहुनेथियो ।

३. परमेश्वर मानिसहरूसँग कसरी कुरा गर्नुहुँदैथियो ?

- पवित्र आत्मा परमेश्वर तिनीहरूसँग तिनीहरूको समझमा कुरा गर्नुहुँदैथियो ।

४. पवित्र आत्मा परमेश्वरले मानिसहरूलाई के भन्नुभयो ?

- परमेश्वरको कुरा सुन्न तर शैतानको कुरा नसुन्न भनिरहनुभएको थियो ।

- परमेश्वरको मार्ग पछ्याउन तर तिनीहरूको आफ्नै बाटोमा नहिँड्न भनिरहनुभएको थियो ।

५. नोआको समयका मानिसहरू कस्ता थिए ?
- तिनीहरू स्वार्थी र लोभी थिए ।
- तिनीहरू अधर्मी र हिंस्रक थिए ।
- तिनीहरू परमेश्वरको मार्ग चाहदैन थिए ।
- तिनीहरू केवल आफ्नै बाटोमा हिँड्न चाहन्थे ।

६. के परमेश्वरले मानिसहरूको पाप देख्नुभयो ?
- हो परमेश्वरले तिनीहरूका सबै पापहरू देख्नुभयो ।

७. किनभने पृथ्वी मानिसहरूले गरेका पापले भरिएको थियो त्यसैले परमेश्वरले के गर्ने निर्णय गर्नुभयो ?
- परमेश्वरले पृथ्वीमा रहेका सबै जीवजीवातहरूको विनाश गर्ने निर्णय गर्नुभयो ।

८. नोआको विनाश गर्नुहुँदैन भनी परमेश्वरले किन निर्णय गर्नुभयो ?
- किनभने नोआलाई आफू पापमा जन्मिएको थाहा थियो ।
- किनभने नोआलाई आफूले परमेश्वरको विरुद्धमा पाप गरेको कुरा थाहा थियो ।

- किनभने नोआलाई परमेश्वरले सबै पापको दण्ड मृत्यु दिनुहुन्छ भन्ने थाहा थियो ।
- किनभने नोआलाई केवल परमेश्वरले मात्रै तिनलाई बचाउन सक्नुहुन्छ भन्ने थाहा थियो ।
- किनभने नोआलाई परमेश्वरले तिनको पापबाट तिनलाई बचाउन उद्धारकर्ता पठाउनुहुन्छ भन्ने थाहा थियो ।

९. परमेश्वरले नोआलाई के गर्ने आज्ञा दिनुभयो ?

- परमेश्वरले नोआलाई एउटा डुङ्गा बनाउने आज्ञा दिनुभयो ।

१०. के परमेश्वरले नोआले डुङ्गा तिनको इच्छाअनुसार बनाऊन् भन्ने चाहनुभयो ?

- अहँ, चाहनुभएन ।

११. परमेश्वरले नोआले कसरी डुङ्गा बनाऊन् भन्ने चाहनुभयो ?

- परमेश्वरले भन्नुभएस्तै ठ्याक्कै ।

१२. परमेश्वरले नोआलाई कतिवटा डुङ्गा बनाउन भन्नुभयो ?

- केवल एउटा ।

१३. डुङ्गामा कतिवटा ढोका बनाउन परमेश्वरले नोआलाई आदेश दिनुभयो ?
- केवल एउटा ।

१४. यद्यपि पृथ्वीमा त्यसबेला भएका कसैले पनि वर्षा भएको देखेका थिएनन् तर पनि नोआले के विश्वास गरे ?
- यही कि परमेश्वरले बाढी पठाउनुहुनेछ ।

१५. डुङ्गा बनाउने क्रममा नोआले के गरे ?
- डुङ्गा बनाइरहँदा नोआले मानिसहरूलाई परमेश्वरको कुरा सुन्न र विश्वास गर्न भने ।

- परमेश्वरले नोआलाई जसले उहाँमा विश्वास गर्दैनन् तिनीहरूको विनाश गर्नको निम्ति परमेश्वरले बाढी पठाइरहनुभएको छ भन्नुभयो ।

- के परमेश्वरले उहाँले जे भन्नुभएको थियो त्यो बिसर्नुभयो ?
- होइन ।

- के परमेश्वरले उहाँले जे भन्नुहुन्छ सधैं त्यो गर्नुहुन्छ ?
- हो ।

- यहाँ एउटा उदाहरण छ ।

- कुनै दिन तपाईंको बच्चाले तपाईंको भाँडो फुटायो ।

- तपाईं आफ्नो बच्चासँग धेरै रिसाउनुभयो ।
- तपाईंले आफ्नो बच्चालाई पछि सजाय दिनेछु भन्नुभयो ।

- पछि तपाईंले आफ्नो बच्चालाई सजाय दिन भुल्नुभयो ।
- पछि तपाईंले आफ्नो बच्चाले भाँडो फुटाएको थियो भन्ने कुरा पनि बिसर्नुभयो ।

- तर परमेश्वर मानिसहरूजस्तो हुनुहुन्न ।
- मानिसहरू बिर्सन्छन् तर परमेश्वर बिर्सनुहुन्न ।

- परमेश्वरले आदमलाई यदि तिनले फल खाएभने तिनी मर्नेछन् भन्नुभयो ।

- जब आदमले फले खाए तब तिनी मरे ?

- हो, मरे ।
- जे परमेश्वरले आदमलाई भन्नुभएको थियो के त्यो बिसर्नुभयो ?
- अहँ, बिर्नुभएन ।
- के परमेश्वरले जे गर्छु भन्नुभएको थियो त्यो गर्नुभएन ?
- अहँ ।

- परमेश्वरले आदम र हव्वालाई अदनको बगैँचाबाट निकाल्नुभयो ।

- परमेश्वर मानिसहरूजस्तो हुनुहुन्न ।

- परमेश्वरले जे गर्छु भन्नुहुन्छ त्यो कहिल्यै भुल्नुहुन्न ।
- परमेश्वरले जे गर्छु भन्नुहुन्छ त्यो सधैं गर्नुहुन्छ ।

- परमेश्वरले पापको बारेमा भुल्नुहुन्न ।
- परमेश्वरले पापको दण्ड दिने कुरा भुल्नुहुन्न ।

- परमेश्वरले हरेक पापलाई दण्ड दिनुहुन्छ ।
- परमेश्वरले हरेक पापको सजाय मृत्यु दिनुहुन्छ ।

- परमेश्वर मानिसहरूले उहाँमा विश्वास गरून् भनेर पर्खिनुहुन्छ ।

- नोआको समयमा मानिसहरूले उहाँमा विश्वास गरून् भनेर परमेश्वरले कति समय पर्खिनुभयो ?
- १२० वर्ष ।

- जब परमेश्वरले मानिसहरूले उहाँमा विश्वास गरून् भनेर पर्खिरहनुभएको थियो तब के परमेश्वरको रीसको पारो मानिसहरूका पापप्रति घट्यो ?
- घटेन ।
- जब परमेश्वरले मानिसहरूले उहाँमा विश्वास गरून् भनेर पर्खिरहनुभएको थियो तब मानिसहरूको पापप्रति उहाँको रीसको पारो बढ्यो मात्रै ।

- पापप्रति परमेश्वरको रीस बढ्छ मात्रै ।
- पापप्रति परमेश्वरको रीस उहाँले दण्ड दिने समय आउने बेलासम्म बढिरहन्छ ।

- नोआले डुङ्गा बनाइसकेपछि परमेश्वरले नोआलाई के भन्नुभयो ?

आउनुस् उत्पत्ति ७:१४ पद पढौं ।

त्यसपछि परमप्रभुले नूहलाई भन्नुभयो, “आफ्नो पुरै परिवारसित जहाजमा पस किनभने पृथ्वीमा अहिले जीवित रहेका मानिसहरूमा तँ मात्र असल मानिस छस् भनी मैले देखें। [2] सात जोडी, सातवटा भाले र सातवटा पोथी शुद्ध पशुहरू र एक जोडी एउटा भाले र एउटा पोथी अशुद्ध पशु। [3] अनि सबै जातका चराहरूबाट पनि सातवटा भाले र सातवटा पोथी लिएर जहाजभित्र पसा। यी पशु-चराहरू अरू सबै ध्वंश गरिए पछि यिनीहरूका जातिहरूलाई पृथ्वीमा बचाई राख्नु यी सब तैंले लानु पर्छ। [4] अबदेखि सातौं दिनमा म यस पृथ्वीमा चालीस दिन चालीस रात पानी पार्नेछु अनि यस पृथ्वीबाट मैले सृष्टि गरेका सबै जीवित प्राणीहरू ध्वंश पार्नेछु।” [5] अनि परमप्रभुबाट भएको आज्ञा नूहले पूर्ण रुपले पालन गरे।

- नोआले डुङ्गा बनाइसकेपछि नोआलाई परमेश्वरले के गर्न भन्नुभयो ?

- परमेश्वरले नोआलाई तिनको परिवार लिएर डुङ्गामा चढ्न भन्नुभयो ।
- परमेश्वरले नोआलाई जनावरहरू पनि डुङ्गामा हाल्न भन्नुभयो ।
- परमेश्वरको लागि मानिसहरूलाई नष्ट गर्ने समय आएको थियो ।

- परमेश्वर मानिसहरूलाई किन विनाश गर्न गर्न गइरहनुभएको थियो ?

- मानिसहरूले तिनीहरू पापी हुन् भन्ने कुरामा विश्वास गरेनन् ।
- मानिसहरूले तिनीहरूको पापले आत्मिक मृत्यु ल्याउँछ भन्ने कुरामा विश्वास गरेनन् ।

- मानिसहरूले तिनीहरूलाई बचाउन परमेश्वरमात्रै सक्नुहुन्छ भनी विश्वास गरेनन् ।
- मानिसहरूले तिनीहरूको उद्धार गर्न परमेश्वरले एकजना उद्धारकर्ता पठाउनहुनेछ भनी विश्वास गरेनन् ।

- परमेश्वरले १२० वर्षसम्म परमेश्वरले तिनीहरूको आफ्नै बाटोबाट फर्केर परमेश्वरको बाटोमा आउँछन् कि भनी प्रतीक्षा गर्नुभयो ।

- तर मानिसहरूले खाली आफ्नै बाटो रोजे ।

- परमेश्वरले १२० वर्षसम्म प्रतीक्षा गर्नुभयो ।

- परमेश्वर अब धेरै पर्खिन सक्नुहुन्नथ्यो ।
- मानिसहरूलाई दण्ड दिने यो परमेश्वरको समय थियो ।

- आज पनि परमेश्वर उही हुनुहुन्छ ।

- आज पनि परमेश्वरले मानिसहरू तिनीहरूको आफ्नै बाटो छोडेर परमेश्वरको मार्गमा आऊन् भनेर पर्खिरहनुभएको छ ।

- एकदिन परमेश्वरले पर्खिरहनुहुनेछैन ।
- एकदिन परमेश्वरले सबै मानिसहरूलाई सजाय दिनुहुनेछ ।

आउनुस् उत्पत्ति ७:७११ पद पढौं

7 प्रलयबाट बाँच्नको निम्ति नूह आफ्नो छोराहरू अनि
पत्नी र बुहारीहरू लिएर जहाजभित्र पसे। 8-9 तब प्राणीहरू,
नर र नारी, जोडी नूहकहाँ जहाजमा आए। परमेश्वरले
आज्ञा गर्नु भए अनुसार धर्तीमा सबै स्वच्छ, अस्वच्छ

प्राणीहरू तथा घस्रिने प्राणीहरू आए। [10]अनि ठीक सात
दिनपछि पृथ्वीमा जल-प्रलयको पानी पर्नलाग्यो।

[11]नूहको जीवनको 600 बर्षको दोस्रो महीनाको सातौं दिनमा
जमीनबाट मूल फुट्यो अनि आकाशमा ठूला-ठूला प्वालहरू
बनिए। [12]अनि पृथ्वीमा मूसलधारे पानी चालीस दिन
चालीस रात एकोहोरो परिरह्यो।

- नोआ र तिनको परिवार कसरी डुङ्गामा चढे ?
- केवल एउटै ढोकाबाट ।

- अरू जनावरहरू कसरी डुङ्गामा चढे ?
- केवल एउटै ढोकाबाट ।

- बचाइनको लागि त्यही मात्रै एउटा ढोका थियो ।
- परमेश्वरको दण्डबाट जोगिनको लागि त्यही मात्रै एउटा ढोका थियो ।

- परमेश्वरले नोआलाई तिनी असल भएको कारणले गर्दा बचाउनुभएको हो ?
- होइन ।
- परमेश्वरले नोआलाई यसकारण बचाउनुभयो किनकि तिनले आफू पापी हुँ भनी विश्वास गरे ।

- परमेश्वरले नोआलाई यसकारण बचाउनुभयो किनकि तिनले तिनको पापको ज्याला आत्मिक मृत्यु हो भनी विश्वास गरे ।

- परमेश्वरले नोआलाई यसकारण बचाउनुभयो किनकि तिनले परमेश्वरले मात्रै तिनलाई बचाउन सक्नुहुन्छ भनी विश्वास गरे ।

- परमेश्वरले नोआलाई यसकारण बचाउनुभयो किनकि तिनले परमेश्वरले उद्धारकर्ता पठाउने गर्नुभएको प्रतिज्ञामा विश्वास गरे ।
- नोआ र तिनको परिवार तथा बाँकी सबै जनावरहरू डुङ्गामा पसिकेपछि के भयो ?

आउनुस् उत्पत्ति ७:१६ख पद पढौं ।

त्यसपछि परमप्रभुले जहाजको ढोका बन्द गरिदिनु भयो।

- नोआ र तिनको परिवार तथा सबै जनावरहरू डुङ्गामा पसिसकेपछि परमेश्वरले के गर्नुभयो ?

- परमेश्वरले ढोका बन्द गर्नुभयो ।

- परमेश्वरले किन ढोक बन्द गर्नुभयो ?

- ताकि भित्र रहेकाहरू सुरक्षित रहून् ।
- ताकि बाहिर रहेकाहरू मरून् ।

- यदि बाहिर रहेका मानिसहरू कराउँथे भने के नोआ ढोका खोल्न सक्थे ?
- अहँ ।
- किन ?
- किनभने ढोका परमेश्वरले लगाउनुभएको थियो ।

- जब परमेश्वरले आदम र हव्वालाई अदनको बगैँचाबाट निकाल्नुभयो तिनीहरू के फेरि बगैँचामा पस्न सके ?
- सकेनन् ।
- किन ?
- किनभने परमेश्वरले अदनको बगैँचामा पस्ने ढोकामा ज्वालमय तरबार र करूबहरू राखी तिनीहरूलाई निकाले ढोका बन्द गर्नुभयो ।

- के कोही मानिस परमेश्वरको दण्डबाट उम्किन सक्छ ?
- सक्दैन ।
- जब परमेश्वर मानिसलाई दण्ड दिने भनेर निर्णय गर्नुहुन्छ कोही पनि उहाँको दण्डबाट उम्किन सक्दैन ।

- परमेश्वरले डुङ्गाको ढोका बन्द गरिसकेपछि उहाँले वर्षा पठाउनुभयो ।

आउनुस् उत्पत्ति ७:१७२० पद पढौं ।

[17] जल प्रलय पृथ्वीमा चालीस दिन चालीस रातसम्म भयो।
पानी बढेर जहाजलाई जमीनबाटमाथि उचाल्न थाल्यो।
[18] पानीको स्तर माथि उठ्यो अनि जहाज पानी माथि
तैरिन थाल्यो। [19] पानी यति साह्रो बढ्यो अग्लो-अग्लो
पहाडहरू पनि पानीले ढाकिए। [20] एकोहोरो पानी परिरहेकोले
पृथ्वीमा यति धेरै पानी भयो अग्ला पहाडहरू पनि पानीमा
बीस फिट डुबे।

- परमेश्वरले सारा पृथ्वीलाई बाढीले ढाक्ने कसरी पार्नुभयो ?

- आदिमा परमेश्वरले पानीलाई अलग गर्नुभयो ।

- परमेश्वरले केही पानीलाई पृथ्वीमा रहनदिनुभयो र केही पानीलाई माथि आकासमा राख्नुभयो ।

- बाढीले पृथ्वी ढाक्नको लागि परमेश्वरले माथि आकाशमा राख्नुभएको सबै पानीलाई वर्षाको रूपमा झार्नुभयो ।

- के मानिसहरूले त्यसअघि कहिल्यै पानी परेको देखेका थिए ?
- थिएनन ।

- यद्‌यपि मानिसहरूले त्यसअघि कहिल्यै पानी परको देखेका थिएनन् तर परमेश्वरले पृथ्वीमा ४० दिनसम्म पानी पार्नुभयो ।

- सारा पृथ्वी पानीले भरियो ।

- अग्लाभन्दा अग्ला पहाड र रूखहरू पनि पानीमुनि परे ।

- परमेश्वर सबै थोक गर्न सक्नुहुन्छ ।
- कुनै पनि कुरा परमेश्वरमा असम्भव छैन ।
- परमेश्वर एक मात्रै सर्वशक्तिमान् हुनुहन्छ ।
- जो डुङ्गाभन्दा बाहिर थिए तिनीहरू सबैलाई के भयो ?

आउनुस् उत्पत्ति ७:२१२३ पद पढौं ।

21-22 पृथ्वीमा बस्ने सबै पुरुष र स्त्रीहरू घरेलु पशुहरू, र जंङ्गली पशुहरू, पृथ्वीमाथि उड्ने सबै प्राणीहरू अनि सबै सजीव वस्तुहरू जो सुख्खा भूमिमा थिए मरे। 23 यसर्थ पृथ्वीको सतहमा रहने मानिसहरू पशुहरू, घस्रिने जन्तुहरू

अनि आकाशमा उड्ने प्राणीहरू परमेश्वरले नष्ट पार्नु भयो। यी सब प्राणीहरूलाई पृथ्वीबाट नष्ट गरियो। केवल नूह र उनीसँगै जहाजमा भएका मानिसहरू र अन्य प्राणीहरू मात्र जीवित रहे।

- डुङ्गाभन्दा बाहिर रहेका सबै जनावरहरूलाई के भयो ?
- तिनीहरू सबै मरे ।

- डुङ्गाभन्दा बाहिर रहेका सबै मानिसहरूलाई के भयो ?
- तिनीहरू सबै मरे ।

- आज धेरैजसो मानिसहरू तिनीहरू पापी हुन् भनी विश्वास गर्दैनन् ।
- आज धेरैजसो मानिसहरू तनीहरूको पापले आत्मिक मृत्यु ल्याउँछ भनी विश्वास गर्दैनन् ।

- आज धेरैजसो मानिसहरू तिनीहरूलाई परमेश्वरले मात्रै पापबाट बचाउन सक्नुहुन्छ भनी विश्वास गर्दैनन् ।

- आज धेरैजसो मानिसहरू परमेश्वरले उद्धारकर्ता पठाउन गरेको प्रतिज्ञामा विश्वास गर्दैनन् ।

- आज धेरैजसो मानिसहरू शैतानका कुरा सुन्छन् तर परमेश्वरको होइन ।
- आज धेरैजसो मानिसहरू तिनीहरूका पापलाई प्रेम गर्छन् ।

- तपाईं धेरैजसो मानिसहरूजस्तै हुनुहुन्छ वा नोआजस्तो ?

- डुङ्गाभन्दा बाहिर रहेको कोही बचाइएको थियो ?
- थिएन ।

- परमेश्वरले डुङ्गा बाहिर रहेका सबैजना मर्नेछन् भन्नुभयो ।
- परमेश्वरले उहाँले गर्छु भन्नुभएको कुरा सधैं गर्नुहुन्छ ।

- डुङ्गाबाहिर रहेका सबै सबै जना मरिसकेपछि परमेश्वरले के गर्नुभयो ?

आउनुस् उत्पत्ति ८:१४ र १४१९ पद पढौं ।

[१]नूह र उनीसित जहाजमा जो मानिस पशु र चराहरू थिए, तिनीहरूलाई परमेश्वरले सम्झनु भयो। परमेश्वरले पृथ्वीमा हावा बहाउनु भयो। र पानी बिस्तारै घट्न थाल्यो।

[2] आकाशबाट पानी पर्न छोडे पछि भूमि मुनिबाट पनि पानी
बग्न छोड्यो। [3] त्यसपछि बिस्तारै जमिनमा पानी घट्न
थाल्यो। 150 दिन पुगेपछि पानी घटेको थियो [4] अनि सातौं
महीनाको सत्रौं दिन अरारात पर्वतमा जहाज अडियो।

[14] दोस्रो महीनाको सत्ताईसौं दिनमा पृथ्वीको सतहबाट
सम्पूर्ण रूपले पानी सुकेको थियो।

[15] तब परमेश्वरले नूहलाई भन्नुभयो, [16] "तँ, तेरी पत्नी, तेरा
छोराहरू र बुहारीहरू लिएर जहाज बाहिर आइज।
[17] जहाजमा तँसँग जे जति चराहरू, पाल्तू जनावर, वनका
जनावार भूमिमा घस्रने जन्तुहरू ती सब भूमिमा ओह्राल
जसले गर्दा तिनीहरूले पृथ्वीमा आफ्नो सन्तान बढाउन्,
पशुहरूले तिनीहरूको संख्या पृथ्वीमा बढाउन्।"

[18] यसर्थ, नूह उनका छोराहरू, उनकी पत्नी तथा बुहारीहरू
जहाजबाट बाहिर भूमिमा निस्के। [19] आफ्नो-आफ्नो परिवार,
प्रत्येक जनावर, घस्रने प्राणीहरू, प्रत्येक चरा जो पनि
पृथ्वीमाथि हिँड्डुल गर्छन् तथा आकाशमा उड्छन् ती सबै
पृथ्वीमा ओर्लिए।

- परमेश्वरले डुङ्गामा रहेका नोआ र तिनका परिवारलाई
  सम्झनुभयो ।

- परमेश्वरले वर्षा रोक्नुभयो र पृथ्वीलाई सुख्खा पार्न बतास् पठाउनुभयो ।

- केही मानिसहरू शैतानले वर्षा रोक्यो र बतास् पठायो भनी विश्वास गर्छन् ।
- त्यो झूठो हो ।

- केवल परमेश्वरले मात्रै वर्षा र बतास् बनाउनुभएको हो ।
- केवल परमेश्वर मात्रै वर्षा र बतास्का मालिक हुनुहुन्छ ।

- परमेश्वरले नोआ र तिनको परिवारलाई डुङ्गामा सुरक्षित राख्नुभयो ।
- परमेश्वरले सबै जनावरहरूलाई डुङ्गामा सुरक्षित राख्नुभयो ।

- के डुङ्गाभित्र रहेको कोही मऱ्यो ?
- मरेन ।
- परमेश्वरले नोआ र तिनको परिवारलाई सुरक्षित राख्नेछु भन्नुभयो ।
- परमेश्वरले उहाँले गर्छु भन्नुभएको कुरा जहिल्यै गर्नुहुन्छ ।

- डुङ्गाबाट बाहिर निस्केपछी नोआले के गरे ?

आउनुस् उत्पत्ति ८:२०२२ पद पढौं ।

[20] त्यसपछि नूहले परमप्रभुको निम्ति एउटा वेदी उभ्याए र उनले केही पवित्र पशुहरू र पवित्र चराहरू परमप्रभुको निम्ति वेदीमा होमबलि चढाए।

[21] परमप्रभुले त्यस बलिदानहरूको बास्ना लिएपछि मनमा
भन्नुभयो, "फेरि पृथ्वीलाई कहिल्ये पनि सराप दिने छैन।
यसर्थ अब उसो कहिले पनि यस प्रकारका जीवित
प्राणीहरूलाई नष्ट पार्ने छैन। [22] जहिलेसम्म पृथ्वी रहन्छ,
बिउ छर्ने र फसल काट्ने समय, जाडो र गर्मी, ग्रीष्म र
शिशिर, दिन अनि रातको कहिल्यै अन्त हुनेछैन।"

- किनभने नोआ परमेश्वरले तिनलाई बचाउनुभएकोमा एकदमै खुशी थिए त्यसैले तिनले परमेश्वरलाई बलिदान चढाए ।
- परमेश्वरले नोआको बलिदान किन ग्रहण गर्नुभयो ?

- किनभने नोआले परमेश्वरमा विश्वास गरे ।
- किनभने नोआ परमेश्वरको मार्गमा हिँड्नको लागि तिनको आफ्नै मार्गबाट फर्कि आए ।

- के जनावरको रगतले नोआको पापको मोल तिरेको हो ?
- होइन ।
- रगतले नोआलाई पापको ज्याला आत्मिक मृत्यु हो भनी सिकायो ।
- नोआले परमेश्वरलाई बलिदान चढाइसकेपछि परमेश्वरले के गर्नुभयो ?

आउनुस् उत्पत्ति ९:१३ पद पढौं ।

परमेश्वरले नूह र उसका छोराहरूलाई आशीर्वाद दिनुभयो। उहाँले तिनीहरूलाई भन्नुभयो, “तिमीहरूका सन्तानहरूको संख्या यति सम्म बढोस् धर्ती फेरि मानिसहरूले भरियोस्।
2 यस पृथ्वीको प्रत्येक पशु, आकाशको प्रत्येक चरा, प्रत्येक जन्तु जो भूइँमा घस्रन्छ र समुद्रका प्रत्येक माछा तिमीसित डराउने छन। तिनीहरू सबै तेरो नियन्त्रणमा बसुन्।
3 कुनै पनि गतिशील चीज तेरो आहारको निम्ति होस्, जस्तो मैले पहिले हरियो उद्भिदहरू खाद्यको निम्ति दिएँ अहिले तलाईं प्रत्येक चीज खानको निम्ति दिन्छु।

- परमेश्वरले नोआ र तिनको परिवारलाई आशीष् दिनुभयो ।

- परमेश्वरले नोआ र सबै मानिसहरूलाई पृथ्वीमा भएका अरू जनावरहरू, पन्छी र जलचरका मालिक तुल्याउनुभयो ।
- परमेश्वरले नोआलाई एउटा चिन्ह पनि दिनुभयो ।

आउनुस् उत्पत्ति ९:८१३ पढौं ।

[8] तब परमेश्वरले नूह र उनका छोराहरूलाई भन्नुभयो, [9] "म
तिमी, तिम्रा भावी सन्तान अनि तिमीसित भएको प्रत्येक
सजीव वस्तुसित विशेष सम्झौता तयार गर्दै छु। [10] म मेरो
करार सबै चराहरू अनि पाल्तू पशुहरू अनि पृथ्वीमा भएका
सबै जनावरहरूसित जो तिमीहरूसित जहाजभित्र, पृथ्वीको
सबै जीवित प्राणीहरूसित गर्नेछु। [11] तिमीहरूसित म यो
करार गर्दैछु अब उसो कहिल्यै पनि जल प्रलयद्वारा
प्राणीहरू नष्ट हुने छैनन् अनि अब फेरि पृथ्वीलाई नष्ट
पार्न जल-प्रलय कहिल्यै हुनेछैन।"

[12] अनि परमेश्वरले भन्नुभयो, "यो चाँहि मैले तिमीहरू र
तिमीहरूसित भएका प्राणीहरूसित गरेको करारको चिन्ह
हो। यो करार पृथ्वीमा तिमीहरूका सन्तान जति पनि
जन्मन्छन् सबैसित सधैँ रही रहनेछ। [13] तिमीहरूसित मैले

स्थापित गरेको करारको चिन्ह स्वरुप बादलमा इन्द्रेणी बनिए त्यो इन्द्रेणी म र पृथ्वीको करारको प्रमाण हो|

- परमेश्वरले नोआ र सबै मानिसहरूलाई के चिन्ह दिनुभयो ?
- ईन्द्रेणी ।

- ईन्द्रेणीको चिन्हको अर्थ के हो ?

- ईन्द्रेणीको चिन्हको अर्थ परमेश्वरले अब फेरि बाढीद्‌वारा पृथ्वीको विनाश गर्नुहुनेछैन भन्ने हो ।

- बाढीद्‌वारा पृथ्वीको विनाश नगर्ने भनी परमेश्वरले राख्नुभएको प्रतिज्ञा के अझै कायमै छ ?
- हो, छ ।

- नोआको समयपछि परमेश्वरले कहिल्यै पनि बाढीद्‌वारा पृथ्वी र यसमा भएका सबै थोकहरूलाई विनाश गर्नुभएको छैन ।

आउनुस् उत्पत्ति ९:१८१९ पद पढौं ।

[18] जहाजबाट निस्केका नूहका छोराहरू शेम, हाम र येपेत
थिए (हाम कनानका पिता थिए) [19] यी तिनै जना नूहका
छोराहरू थिए र यी तीन जनाका सन्तानहरूले नै यो पृथ्वी
भरियो।

- नोआका छोराहरू को थिए जो अहिले पृथ्वीमा भएका सबै मानिसहरूका पुर्खा हुन् ?
- शेम, हाम र येपेत ।